# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा)
## लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल
स्था.२०७३

प.स.:२०८२/०८३
सू.न. ४

मिति:- २०८३/०१/२३

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःस्थापना (सि.बि.आर.) सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !!!**

(दोस्रो पटक प्रकाशित मितिः२०८३|१|२३)

यस पञ्चकन्या गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत आ.ब.२०८२|०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःस्थापना (सि.बि.आर.) सहयोग कार्यक्रम अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको साझेदारीमा संचालन गर्नुपर्ने भएको हुँदा तपशिलमा उल्लिखित मापदण्ड भित्र रहि अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८३|०१|३०) गते भित्र यस पञ्चकन्या गाउँपालिका कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**इच्छुक संस्थाले पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

- संस्था दर्ता/नवीकरण प्रमाण–पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नं.को प्रतिलिपि ।
- समाज कल्याण परिषदमा आवद्धता प्रमाण–पत्रको प्रतिलिपि ।
- संस्थाको विधान, प्रशासनिक र आर्थिक नियमावली सहितको प्रतिलिपि ।
- सम्वन्धित गाउँपालिकामा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

**प्रस्ताव पेश गर्दा समावेश गर्नुपर्ने विषयहरु:**

- अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानुनी व्यवस्था, विभिन्न सेवा सुविधा, अवसरहरुको वारेमा जानकारी दिने, परामर्श दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत पुर्याउन सक्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धि क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्न सक्ने।

- अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यवसायिक तालिम) स्वास्थ्योपचार सेवा, स्याहार र रेखदेख गराउन मद्दत गर्ने ।
- स्थानीय तहमा तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजीवी, समाजसेवी, स्वंयम सेवक लगायतका सरोकारवालाहरुसँग समन्वय गर्ने र सेवा प्राप्त गर्न मद्दत गर्ने ।
- अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय तहका पदाधिकारी तथा समुदायको लागि अपाङ्गपन निरोध, न्यूनीकरण एवम् उपचारात्मक लगायत सचेतना सम्बन्धि तालिम, कार्यक्रम, गोष्ठि, सभा, अन्तरक्रिया संचालन गर्ने गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री उपलब्ध गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्न अन्य कृयाकलापहरु सञ्चालन गर्ने ।
- उपरोक्तानुसार कार्यक्रमका सम्बन्धमा थप जानकारीको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

*पुनश्चः*

*१। प्रस्ताव पेश गर्ने संस्था कुनै गैर कानुनि कार्यमा संलग्न भई कालो सूचिमा नपरेको हुनुपर्ने।*
*२। संस्था छनोट गर्दा उल्लेखित कागजातलाई नै आधार मानिने छ।*
*३। पञ्चकन्या गाउँपालिका क्षेत्र भित्र कृयाशिल संस्थालाई विशेष प्रातमिकता दिईनेछ।*
*४। संस्थाले पनि स्वयं १० प्रतिशत साझेदारी गर्नु पर्नेछ ।*

कविता भट्ट
स.महिला विकास अधिकृत